## 1 "छोटो अवधिको बसाइ" भिसामा जापानमा भएका व्यक्तिहरू

⇒ "छोटो अवधिको बसाइ (<u>**90 दिन**</u>)" भिसा अवधि नवीकरण गर्न अनुमति दिइनेछ।

※ जापानमा खर्च धान्न मुस्किल परेको प्रमाणित भएमा योग्यता बाहेकको कृयाकलाप (२८ घण्टा भित्र काम गर्न सकिने) गर्न अनुमति दिइने छ । बिस्तृत जानकारीको लागि <u>यहां</u> हेर्नुहोस् ।

## 2 "प्राविधिक प्रशिक्षण", "विशेष गतिविधि (विदेशी निर्माण कामदार (नं.__32) र विदेशी पानी जहाज निर्माण कामदार (नं. 35))" भिसामा जापानमा भएका व्यक्तिहरू

⇒ "विशेष गतिविधि (<u>**6 महिना**</u>, रोजगार स्वीकृत)" बसोबास योग्यता (भिसा) मा परिवर्तन गर्न अनुमति दिइनेछ।

(नोट 1) पहिले कै काम गर्ने व्यक्तिहरू मात्र यसको दायरामा पर्नेछन्

※पहिलेको जस्तै काम गर्नको लागग काम गर्े स्थार् (कम्पर्ी) पाँएको अवस्थामा पहिले गरेको कामसंग सम्बन्धित काम (प्रागबगिक प्रन्िक्षाथीको गबिा/कामसम्बधी(सरुवा लागु िुर्े कामको प्रकार सुची) को िरेक तागलका गित्रको कामको प्रकार (७ अधय) बािेक मा पगर् काम गर्न गमलुे छ) ।

(नोट 2) "विशेष गतिविधि (इन्टर्नसिप (नं. 9), उत्पादन उद्योगमा काम गर्ने विदेशी कामदार (नं. 42))" ~~भिसामा जापानमा भएका व्यक्तिहरूले पहिले कै जापान भित्र्याउने निकायमा पहिले कै काम गर्न चाहेको खण्डमा त्यसरी नै अनुमति दिइनेछ।~~ <u>पहिलेको जस्तै काम गर्ने रोजगार</u> चाहेमा भिसा परिवर्तनको अनुमति दिइने छ ।

(नोट 3) एक पटक "छोटो अवधिको बसाइ" वा "विशेष गतिविधि (6 महिना, रोजगार अस्वीकृत" बसोबास योग्यता (भिसा) दिइएको व्यक्तिहरू पनि यसको दायरामा पर्नेछन्।

(नोट 4) "विशेष गतिविधि (समर जब (नं. 12)" भिसामा जापानमा भएका व्यक्तिहरूले <u>पहिलेको जस्तै काम गर्ने रोजगार</u> ~~पहिले कै जापान भित्र्याउने निकायमा पहिले कै काम~~ गर्न चाहेको खण्डमा, "विशेष गतिविधि (3 महिना, रोजगार स्वीकृत)" बसोबास योग्यता (भिसा) मा परिवर्तन गर्न अनुमति दिइनेछ।

## 3 "प्रवासी विद्यार्थी" बसोबास योग्यता (भिसा) मा जापानमा भएका व्यक्तिहरूले रोजगार चाहेको खण्डमा

⇒ "विशेष गतिविधि (<u>**6 महिना**</u>, हप्तामा 28 घण्टा वा सोभन्दा कम पार्ट टाइम (आरुबाइतो) गर्न सकिने" बसोबास योग्यता (भिसा) मा परिवर्तन गर्न अनुमति दिइनेछ।

<u>※अक्टोबर १९ तारिखदेखि स्नातकको समय तथा छ/छैन भन्ने सम्बन्धित नभई कार्य गरिने कुरामा परिवर्तन भएको छ ।</u>

(नोट) "छोटो अवधिको बसाइ" वा "विशेष गतिविधि (देश फ़र्कन समस्यामा परेका, रोजगार अस्वीकृत भएका, फ़र्कन तयारी गरेका)" भिसा भएका पूर्व बिद्यार्थीहरु पनि यसको दायरामा पर्नेछन्।

## 4 अन्य बसोबास भिसामा जापानमा भएका व्यक्तिहरू (माथिको 2 वा 3 मा पर्ने तर रोजगार नचाहने व्यक्ति पनि समावेश)

⇒ "विशेष गतिविधि (<u>**6 महिना**</u>, रोजगार अस्वीकृत)" बसोबास योग्यता (भिसा) मा परिवर्तन गर्न अनुमति दिइनेछ।

※ जापानमा खर्च धान्न मुस्किल परेको प्रमाणित भएमा योग्यता बाहेकको कृयाकलाप (२८ घण्टा भित्र काम गर्न सकिने) गर्न अनुमति दिइने छ । बिस्तृत जानकारीको लागि <u>यहां</u> हेर्नुहोस् ।

(नोट) माथिको 1～4 को सन्दर्भमा, <u>निरन्तर आफ्नो देशमा फर्कन नसकिने अवस्था कायम रहेको खण्डमा, नवीकरण गर्न सकिन्छ।</u>